# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।१२ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

सब डिभिजन वन कार्यालय, लाटीझोडा, मोरङका सहायक वन अधिकृत सल्लाहुदिन अन्सारीले डिभिजन वन कार्यालय, मोरङमा पुनरउत्पादन कटान सहमतिको सिफारिस गरिदिए बापत सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निज सहायक वन अधिकृत सल्लाहुदिन अन्सारीलाई सेवाग्राहीसँग रू.३५,०००। - (पैंतिस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज सहायक वन अधिकृत सल्लाहुदिन अन्सारीले दीपज्योती सामुदायिक वन उपभोक्ता समूह, केरावारी, मोरङको पुनरउत्पादन कटान सिफारिस गरिदिने कामका लागि घुस रिसवत माग गरी रू.३५,०००। - (पैंतिस हजार ) घुसबापतको रकम लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको सप्रमाण पुष्टि हुन आएको देखिंदा निजलाई बिगो रू.३५,०००। - (पैंतीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता